नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## पाल्पा



## स्वतः प्रकाशन

## (Proactive Disclosure)

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम

२०८२ साल बैशाख, जेष्ठ, असार महिनामा

सम्पादित कार्यहरुको विवरण

<u>प्रकाशक</u>

## जिल्ला प्रशासन कार्यालय

## पाल्पा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५

च.नं.
प.स. २०८१/०८२

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np

# प्रमुख जिल्ला अधिकारीको भनाई

नागरिकको सुसुचित हुने अधिकारको सुनिश्चित गर्न सूचनाको हकको व्यवस्था गरिएको छ । नेपालको संविधानमा गरिएको व्यवस्था बमोजिम मौलिक हकको रुपमा सूचनाको हकमा व्यवस्था गरिएको र यस हकमा प्रत्येक नागरिकलाई आफ्नो र सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने उल्लेख गरिएको छ । यस हकको कार्यान्वयनका लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली २०६५ को व्यवस्था गरिएको छ । सूचनाको हक कार्यान्वयन गर्न सार्वजनिक निकायको दायित्व र जिम्मेवारी तोकिएको छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ को ५ (३) बमोजिम सार्वजनिक निकायले नियमित रुपमा प्रकाशन गर्नुपर्ने विषयहरु उल्लेख गरिएको छ । पाल्पा जिल्लामा सार्वजनिक निकायहरुमा आफ्नो वा सार्वजनिक सरोकारको विषयको कुनै पनि सूचना माग्न आएमा सूचना अधिकारीले माग गरेको सूचना प्रचलित कानून बमोजिम उपलब्ध गराउनु पर्ने व्यवस्था छ । यस जिल्लामा सूचनाको हकको संरक्षण र प्रवर्द्धन गर्ने क्रममा सवै सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था गरी सार्वजनिक गरिएको, सूचना अधिकारीको नाम, मोबाईल नं., तस्वीर समेतको विवरण सार्वजनिक गरिएको, कम्तीमा पनि प्रत्येक त्रैमासिक अवधिमा सूचना अधिकारीहरुसंग नियमित बैठक वसी, समस्या समाधानको पहल गरेको, सूचना अधिकारीको Whats app Group बनाई सूचना आदान प्रदान गर्ने गरिएको जस्ता कार्यहरु गरिएको छ ।अन्त्यमा चालू आ.व २०८१/८२ मा पाल्पा जिल्लाका सार्वजनिक निकायमा सहज रुपले सूचना उपलब्ध गराउन सहयोग गर्नुपर्ने सबै सूचना अधिकारीहरु, कार्यालय प्रमुखहरु र सूचना माग गर्ने सेवा ग्राहीहरुलाई धन्यवाद दिन चाहान्छु ।धन्यवाद ।

२०८२, असार ३२

....................
(तोय नारायण सुवेदी)
प्रमुख जिल्ला अधिकारी

तोय नारायण सुवेदी
प्रमुख जिल्ला अधिकारी

# सूचना सार्वजनिक गर्ने निकायको नामः-जिल्ला प्रशासन कार्यालय, पाल्पा ।
# सूचना सार्वजनिक गरेको अवधिः- आर्थिक वर्ष २०८१/८२ को बैशाख, जेष्ठ र असार महिना (त्रैमासिक अवधि)

## १. जिल्ला प्रशासन कार्यालय, पाल्पाको कार्य र प्रकृतिः-

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने तथा अपराध नियन्त्रण गर्ने नागरिकता प्रमाणपत्र जारी गर्ने, स्थानीय प्रशासन सम्बन्धि कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सार्वजनिक शान्ति विरुद्धका कसुर, उपभोक्ता हित लगायत विशेष ऐनले प्रत्यायोजन गरे अनुसारका अर्धन्यायिक कार्यको शुरु कारवाही र न्यायिक निर्णय गर्ने साथै विकासात्मक कार्यहरुमा समन्वय, सहजीकरण गर्नु जिल्ला प्रशासन कार्यालय, पाल्पाका मुख्य-मुख्य कार्यहरु हुन्। बिधुतीय राहदानी सम्वन्धि सेवा, राष्ट्रिय परिचयपत्रको सेवा प्रदान गर्ने, बिभिन्न प्रकारका सिफारिस तथा प्रमाणित गर्ने कार्य, सुशासन प्रर्वद्धन गर्न पहरेदारी गर्ने यस कार्यालयबाट सम्पादित सम्पूर्ण कार्यहरुका बारेमा सरोकारवालाहरुलाई सूसुचित गराई प्राप्त पृष्ठपोषणका आधारमा निरन्तर सुधार गरी पारदर्शी र सु-शासनयुक्त कार्य प्रणाली बनाउने उद्देश्य रहेको छ ।

## २. जिल्ला प्रशासन कार्यालय, पाल्पाको दृष्टिकोण, लक्ष्य, उद्धेश्य र रणनीति देहाय बमोजिम रहेका छन्।

### २.१ दृष्टिकोण

जिल्लामा प्रभावकारी शान्ति सुरक्षा र सुशासन कायम गर्ने ।

### २.२ लक्ष्य

नेपालको संविधान तथा कानूनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्दै शान्ति सुरक्षा र सुशासन कायम गर्ने रहेको छ । जनताको माग र आधारभूत आवश्यकता अनुरुप स्थानीय प्रशासनलाई सञ्चालन गरी जिल्लामा भरपर्दो शान्ति-सुरक्षा कायम गरी सुशासनको प्रत्याभूति दिने यस कार्यालयको लक्ष्य रहेको छ ।

### २.३ उद्देश्य

जिल्लामा शान्ति-सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने, सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गराउने यस कार्यालयको मूलभूत उद्देश्यहरु रहेका छन्।

## ३. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार

- जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम राख्ने ।
- जिल्लामा संचालित विकास निर्माणको कार्यहरुमा सहयोग र समन्वय गर्ने
- जिल्लाभित्र नेपाल सरकार, प्रदेश सरकार अन्तर्गतका बिषयगत कार्यालय/निकाय र स्थानीय तहले संचालन गरेका कार्यहरुमा आवश्यक समन्वय, सहजिकरण गर्ने, सहयोग पुर्याउने।
- जिल्लाको बिपद् व्यवस्थापन गर्ने
- जिल्लाभित्र रहेका नेपाल सरकारको सम्पत्तिहरूको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने।
- नेपाली नागरिकता प्रमाणपत्र जारी गर्ने ।
- बिद्युतीय राहदानी सम्बन्धी कार्य गर्ने ।
- हातहतियारको इजाजत प्रदान तथा नविकरण गर्ने ।
- जिल्लामा बस्तुहरुको आपूर्तीलाई व्यवस्थित गर्ने, बजारमा मालसामान अभाव हुन नदिने ।
- जिल्लास्थित सार्वजनिक निकायहरुको कार्य सम्पादनमा समन्वय गर्ने ।
- नावालक परिचयपत्र जारी गर्ने ।
- प्रचलित कानून, नीति, निर्देशन बमोजिम नेपाल सरकारको प्रतिनिधिको रुपमा कार्य गर्ने ।
- सस्था दर्ता ऐन, २०३४ बमोजिम संस्था दर्ता तथा नविकरण गर्ने
- स्थानीय प्रशासन ऐन र अन्य प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारीको क्षेत्राधिकार भित्र पर्ने मुद्दा मामिलाको कारवाही र किनारा गर्ने ।
- प्रचलित कानून र नेपाल सरकारको निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने ।

## ४. संगठनात्मक संरचना एवं दरबन्दी

### जिल्ला प्रशासन कार्यालय, पाल्पाको स्वीकृत कर्मचारी दरबन्दी र कार्य विवरण:-

| सि.नं. | पद | श्रेणी | संख्या | पूर्ति | रिक्त | कार्य बिवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प. प्रथम | १ | १ | - | जिल्लामा शान्ति सुव्यवस्था, सुशासन र सुरक्षा व्यवस्था मिलाउने, सेवा प्रवाह, विपद व्यवस्थापन सहजिकरण | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्धितीय | १ | १ | - | प्रमुख जिल्ला अधिकारीबाट प्रत्यायोजित अधिकार बमोजिमका कार्यहरु गर्ने। | |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतिय | २ | २ | - | प्रमुख जिल्ला अधिकारीबाट प्रत्यायोजित अधिकार बमोजिमका कार्यहरु गर्ने। | |
| ४ | नायब सुब्बा | रा.प.अनं प्रथम | ७ | ६ | १ | फाँट प्रमुख भई सम्वन्धित फाँटलाई तोकिएका कार्यहरु सम्पादन गर्ने। | |
| ५ | लेखापाल | रा.प.अनं प्रथम | १ | १ | - | आर्थिक ऐन तथा नियमावली बमोजिम लेखा सम्बन्धि कार्य गर्ने | |
| ६ | कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | २ | १करार सेवामा कार्यरत | १ | सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धि कार्य गर्ने । | लो.से.आ. मा माग गरिएको |
| ७ | खरिदार | रा.प.अनं. द्धितीय | ४ | ३ | १ | सम्वन्धित फाँट प्रमुखको मातहतमा रही तोकिएको कार्य सम्पादन गर्ने। | लो.से.आ. मा माग गरिएको |
| ८ | हलुका सवारी चालक | श्रेणी विहिन | २ | २ | - | सवारी साधन चलाउने र आवश्यकता अनुसार कार्यालयको अन्य कामकाज गर्ने। | करार २ |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ | ७ | - | कार्यालयको सरसफाइ लगायत आवश्यकता अनुसार कार्यालयको अन्य कामकाज गर्ने। | करार ७ |
| | जम्मा स्थायी कर्मचारी दरवन्दी संख्या | | २७ | २५ | १ | | |
| राष्ट्रिय परिचय पत्र विवरण दर्ता अपरेटर (करार) | | | २ | | | नेपाली नागरिकहरुको राष्ट्रिय परिचय पत्र दर्ता प्रविष्ट गर्ने | |

| | | |
|---|---|---|
| राष्ट्रिय परिचय पत्र दर्ता सहयोगी (करार) | १ | नेपाली नागरिकहरुको राष्ट्रिय परिचय पत्र दर्ता प्रविष्ट गर्न सहयोग गर्ने |

## ५.जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट प्रदान गरिने सेवाको विवरणहरु :-

### ५.१ शान्ति सुरक्षा सम्बन्धी कार्य:

- जिल्लामा शान्ति-सुरक्षा कायम राख्ने ।
- सामाजिक अपराध न्यूनिकरणका लागि समुदाय स्तरमा सचेतीकरण गर्ने ।
- सुरक्षा निकायहरुको परिचाल गर्ने ।
- शान्ति-सुरक्षा सम्बन्धी निवेदन, ठाडो उजुरी र गुनासो व्यवस्थापन ।
- शान्ति सुरक्षा कायम गर्न स्थानीय तह, नागरिक समाज तथा सरोकारवालाहरु सँग सहकार्य गर्ने ।

### ५.२ स्थानीय प्रशासन सम्बन्धी कार्य:

- नागरिकता वितरण
  - वंशजको आधारमा नागरिकता
  - अंगिकृत नागरिकता
  - गैर आवासिय नागरिकता
- राहदानी सिफारिश तथा वितरण।
- नाबालक परिचयपत्र।
- जनजाती/दलित/खसआर्य प्रमाणित।
- साविकमा जारी भएका नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि।
- हातहतियार र खरखजानाको इजाजत, नविकरण र नियन्त्रण।
- संस्था दर्ता, संस्था नविकरण, विधान संशोधन, पत्रिका दर्ता, छापाखाना दर्ता र संचालन स्वीकृति।

### ५.३ अनुगमन सम्बन्धी कार्य:

- संयुक्त बजार अनुगमन (स्थानीय तहको समन्वयमा)
- जिल्ला स्थित कार्यालयहरुको समन्वय र अनुगमन
- विकास निर्माण कार्यमा सहयोग, समन्वय र सहजिकरण

### ५.४ विपद व्यवस्थापन सम्बन्धी कार्य:

- जिल्ला विपद् सम्बन्धी कार्ययोजना निर्माण
- मनसुनपूर्व तयारी तथा प्रतिकार्य योजना, २०८२
- विपद् न्यूनीकरणका लागि तयारी
- विपद प्रतिकार्य पूर्वयोजना, खोजी, उद्दार, सहयोग, क्षतिपूर्ति

### ५.५ द्वन्द्व पिडितहरुलाई राहत वितरण।

### ५.६ मुद्दा तथा ठाडो उजुरी सम्बन्धी

- सार्वजनिक मुद्दा।
- गुनासो वा ठाडो उजुरी।

### ५.७ हातहतियार इजाजत तथा नवीकरण सम्बन्धी

- हातहतियार नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण।

### ५.८ संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा

- संस्था दर्ता/नविकरण।
- संस्थाको विधान संशोधन।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।
- संस्था दर्ता खारेजी ।

### ५.९ राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवा

- नागरिकता प्रमाण पत्र लिएका व्यक्तिहरुको वैयक्तिक तथा जैविक विवरण संकलन गर्ने।
- राष्ट्रिय परिचय पत्र नम्वर र कार्ड वितरण गर्ने ।

### ५.१० विविध कार्य

- गुनासो सुनुवाई गर्ने ।
- विकास आयोजनाहरुको कार्यान्वयनमा समन्वय गर्ने ।
- स्थानीय तहहरुसँग समन्वय गर्ने ।
- सरकारी निकायबाट हुने सार्वजनिक सेवा प्रवाहको अनुगमन गर्ने ।
- नेपाल सरकार, गृह मन्त्रालय/ लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) लगायत अन्य तालुक निकायबाट प्राप्त निर्देशन अनुसार कार्य गर्ने तथा प्रतिवेदन गर्ने।

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः-

| सि.नं. | शाखा | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|
| १ | नागरिकता तथा प्रतिलिपी शाखा | दिनेश ज्ञवाली, प्रशासकीय अधिकृत (९८५७०७९२९३) | सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी ऋषिराम सुवेदी ९८५७०६०३३३ |
| २ | मुद्दा तथा हातहतियार शाखा | रमा श्रेष्ठ, प्रशासकीय अधिकृत (९८५७०७९२९२) | |
| ३ | राहदानी तथा जिन्सी दर्ता शाखा | रमा श्रेष्ठ, प्रशासकीय अधिकृत | |
| ४ | अभिलेख व्यवस्थापन शाखा | दिनेश ज्ञवाली, प्रशासकीय अधिकृत | |
| ५ | आर्थिक प्रशासन शाखा | सूर्य प्रसाद गैरे, लेखापाल (९८५७०७९२९४) | |
| ६ | राष्ट्रिय परिचयपत्र | मधु पाण्डे विवरण दर्ता अपरेटर (९८६६२६७६७९) | |

## ७. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः-

| सि.नं. | सेवाको किसिम | दस्तुर | सेवाको समय लागत |
|---|---|---|---|
| १ | नागरिकता प्रमाणपत्र- | | |
| | क) वंशजको आधारमा | रु. १०/- को हुलाक टिकट | कार्यविधि पुगी पेश भएको १ घण्टाभित्र |
| | ख) बैवाहिक अङ्गिकृत नागरिकताको हकमा | रु. १०/- को हुलाक टिकट | कार्यविधि पुगी पेश भएको १ घण्टाभित्र |
| | ग) नागरिकता प्रतिलिपि | रु. १० /- को हुलाक टिकट | कार्यविधि पुगी पेश भएको १ घण्टाभित्र |
| २ | क) नाता प्रमाणित | रु. १० /- को हुलाक टिकट | कार्यविधि पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ख) नाबालक परिचयपत्र | रु. १० /- को हुलाक टिकट | कार्यविधि पुर्याई पेश भएको ३० मिनेट भित्र |

| | | | |
|---|---|---|---|
| | ग) नाम थर प्रमाणित | रु. १० /- को हुलाक टिकट | कार्यविधि पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | घ) पेन्सन सम्बन्धि कागजात सिफारिस | रु. १० /- को हुलाक टिकट | आवश्यक कागजात सहित निवेदन पेश भएको १ घण्टाभित्र |
| | ङ) अन्य विवरण प्रमाणित | रु. १०/- को हुलाक टिकट | कार्यविधि पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | च) जनजाती/दलित प्रमाणित | रु. १० /- को हुलाक टिकट | कार्यविधि पुर्याई पेश भएको ३० मिनेट भित्र |
| ३ | क) ठाडो उजुरी | रु. १० /- को हुलाक टिकट | १५ मिनेट भित्रै |
| | ख) संस्था दर्ता | रु.१,००० ।- | कार्यविधि पुर्याई पेश भएकोमा सोही दिन (प्रहरी प्रतिवेदन र सम्बन्धीत निकायवाट जवाफ प्राप्त भएको दिन) |
| | ग) संस्था नविकरण | रु ५००।- | कार्यविधि पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | घ) पत्रिका दर्ता | रु.१,००० ।-, ७५०।-, ५००।-, ३००।- र २००।- क्रमशः दैनिक, अर्ध साप्ताहिक, साप्ताहिक, पाक्षीक र मासिक र अन्य | कार्यविधि पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ङ) छापाखाना दर्ता | रु.१,००० ।- | कार्यविधि पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | च) हातहतियार इजाजत | तोकिए बमोजिम । | कार्यविधि पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | छ) हातहतियार नवीकरण | तोकिए बमोजिम । | कार्यविधि पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ज) शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा नाम, थर र उमेर संशोधन | रु. १०/- को हुलाक टिकट | कार्यविधि पुर्याई पेश भएको ३० मिनेट भित्र |
| ४. | विद्युतीय राहदानी<br>क) केन्द्रबाट लिनको लागि | रु. १२,००० ।– | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| | ख) बिग्री च्यातिई काम नलाग्ने भएको वा हराएको | रु.१०,००० ।– | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| | ग) यसै कार्यालयबाट लिने वा म्याद नाघेको राहदानी | रु.५,००० ।– | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारः-

प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम सहायक प्रमुख जिल्ला अधिकारी र प्रशासकीय अधिकृतहरुबाट कार्यान्वयन हुने ।

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी :- प्रमुख जिल्ला अधिकारी

## १०.सम्पादन गरेको कामको त्रैमासिक विवरणः-

- जिल्लामा संचालित विकास निर्माणसंग सम्बन्धित आयोजनाहरुमा आइपरेका समस्या समाधानका लागि समन्वय तथा सहजीकरण गरिएको ।
- मिति २०८२/१/९ गते पाल्पा जिल्लामा विद्युत सेवाको नियमित आपूर्तिको व्यवस्था मिलाउन कालिगण्डकी –रिडी १३२ के.भी.प्रशारण लाइन आयोजनामा समयमै सम्पन्न गर्नुपर्ने देखिन्छ सो सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा यस कार्यालयको सभाहलमा लुम्बिनी प्रदेश सभाका सभामुख, सभासदहरु, समन्वय प्रमुख, उपप्रमुख, नगर प्रमुख, गाउँपालिकाका अध्यक्षहरु, राजनीतिक दलका प्रतिनिधिहरु, सुरक्षा निकायमा प्रमुखहरु, आयोजना प्रमुख, मालपोत अधिकृत, नापी अधिकृत, वडा अध्यक्षहरु, इन्जिनियर र सव-इन्जिनियरको उपस्थितिमा समन्वय बैठक बसेको ।
- मिति २०८२/१/१५ गते निस्दी गाउँपालिकाको सभाहलमा शान्ति सुरक्षा, अपराध नियन्त्रण, सेवा प्रवाह र लागु औषध नियन्त्रण सम्वन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको।
- मिति २०८२/१/१६ गते प्रमुख जिल्ला अधिकारी र जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुबाट कारागार कार्यालयको महिला तथा पुरुष बन्दीगृह र कारागार सुरक्षागार्डको निरीक्षण गरी कारागारको सुरक्षा मजबुद बनाउन र बन्दीहरुको समस्यालाई सम्बोधन गरी राज्यबाट प्राप्त हुने सेवा सुविधा सबै बन्दीहरुले न्यायोचित रुपमा प्राप्त गरे नगरेको विषयमा सुक्ष्म रुपमा निगरानी गर्न निर्देशन भएको ।
- मिति २०८२।२।१२ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा तानसेन नगरपालिकामा संचालित बैक तथा वित्तिय संस्थाहरुका शाखा प्रबन्धकहरुसंग बैकहरुको शान्ति सुरक्षा, फण्ड ट्रान्सफर गर्दाको सुरक्षा व्यवस्था, खाता खोल्दा पुऱ्याउनु पर्ने कार्यविधि, ऋण लगानी समेतको विषयमा छलफलगरी शान्ति सुरक्षाको व्यवस्था व्यवस्था मिलाउने अनुरोध गरिएको ।
- मिति २०८२/०२/१२ गते रामपुर नगरपालिकामा रहेको रामतुलसी माध्यमिक विद्यालयको सभाहलमा बिद्यालयमा युवा लक्षित लागु औषध नियन्त्रण सचेतना कार्यक्रम सम्पन्न गरिएको।
- मिति २०८२/०२/१२ गते प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला समन्वय समितिका प्रमुख, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्लाका सबै सुरक्षा निकायका प्रमुखहरु र ईलाका प्रशासन कार्यालय, रामपुरका प्रमुख प्रशासकीय अधिकृत लगायतबाट पाल्पा- तनहुँ-स्याङ्जा जिल्लाका सीमाक्षेत्र केलादीघाट आसपासका क्षेत्रमा गई लागु औषध र सम्भाव्य क्षेत्रमा निरीक्षण/अनुगमन गरिएको ।
- मिति २०८२।२।१९ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद व्यवस्थापनको क्षेत्रमा क्रियाशिल सरकारी तथा गैर सरकारी निकायहरुसंगको समन्वय बैठक बसेको ।

- मिति २०८२/२/१९ गते यस जिल्लाको रम्भा गाउँपालिका वडा नं २ र ३ मा पर्ने रिमिघा लेक (वन क्षेत्र) मा बहुमूल्य जडिबुटी यार्सागुम्बासंग मिल्दो जुल्दो प्रकृतिको जडिबुटी सङ्कलन भएको सम्बन्धमाप्रतिनिधी सभा सदस्य एवं संसदीय समिति सभापति, समन्वय प्रमुख, रम्भा गाउँपालिकाका अध्यक्ष, सुरक्षा निकायहरु, डिभिजन वन कार्यालयका प्रमुख, खाद्य प्रविधि तथा गुणनियन्त्रक कार्यालय लगायत सरोकारवाला निकायका पदाधिकारीहरु संगको समन्वयात्मक बैठक बसेको ।
- मिति २०८२।२।२२ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा राजमार्ग सडक मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कारवाहीको कार्यविधि, २०७५ को दफा ८ बमोजिम जिल्ला स्तरीय समन्वय समितिको बैठक बसेको ।
- मिति २०८२ जेष्ठ २५ गते जिल्लामा संचालित खानी उद्योगहरुलाई व्यवस्थित एवं प्रभावकारी रुपले सञ्चालन गर्न जिल्ला समन्वय प्रमुखको अध्यक्षतामा बैठक बसेको ।
- मिति २०८२/०३/०४ गते गुल्मी जिल्ला र पाल्पा जिल्लाको संगमस्थल रिडीमा गुल्मी र पाल्पा जिल्ला बीच अन्तर जिल्ला सुरक्षा समन्वय बैठक बसी सुरक्षाका विषयमा महत्वपूर्ण निर्णय भई कार्यान्वयन गरिंदै आएको ।
- मिति २०८२/३/४ गते कालिगण्डकी रिडी १३२ KV प्रशारण लाइन आयोजनाको समग्र प्रगति अनुगमन र शान्ति सुरक्षाका सम्बन्धमा जिल्ला सुरक्षा समित पाल्पाका पदाधिकारी एवं आयोजनाका सम्बद्ध कर्मचारीहरु सहित आयोजनाको अनुगमन गरीएको ।
- प्रमुख जिल्ला अधिकारीबाट जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी चौकीको निरीक्षण गरी सुरक्षाकर्मीहरुलाई कर्तव्यपालन गर्न, सम्भावित विपद्का घटना प्रति सचेत रहन, विपद् घटना व्यवस्थापन र समन्वय गर्न, मुस्कान सहितको सेवामैत्री/पिडितमैत्री व्यवहार गर्न, ट्राफिक नियमलाई कडाईका साथ पालना गराई सवारी दुर्घटना न्यूनीकरण गर्न साथै निर्भिकता पूर्वक शान्ती सुरक्षाका पक्षमा ध्यान दिन निर्देशन दिईएको।

| सि.नं. | निरीक्षण मिति | स्थान | कैफियत |
|---|---|---|---|
| १ | २०८२/२/१२ | ईलाका प्रहरी कार्यालय, रामपुर पाल्पा | |
| २ | २०८२/२/१२ | प्रहरी चौकी केलादी, रामपुर पाल्पा | |
| ३ | २०८२।३।२० | प्रहरी चौकी, अर्गली पाल्पा | |

- सार्वजनिक सेवा प्रवाहलाई सरल र सहज तथा चुस्त राख्न मिति २०८२/३/१० गते सहायक प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदीको नेतृत्वमा जिल्ला स्थित ४ वटा सरकारी कार्याललयहरुको छड्के निरिक्षण तथा कार्यालयवाट सम्पादन भए गरेका कार्यहरुको सम्बन्धमा विभिन्न २३ वटा सूचकहरुमा अनुगमन गरी सरकारी सेवा सुविधालाई प्रभावकारी बनाई सार्वजनिक सेवा प्रवाहलाई सहज र सरल तथा चुस्त राख्न निर्देशन दिईएको ।आकस्मिक रुपमा गरिएको निरीक्षणमा कर्मचारीहरुलाई नियमित पोशाक तथा परिचय पत्र लगाउन, समय पालना गर्न तथा अनुशासन कायम गर्न निर्देशन दिईएको ।

- मिति २०८२/२/२० गते जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसि जिल्लामा घट्न सक्ने सबै प्रकारका विपद्को पूर्व तयारी तथा प्रतिकार्यका लागि सरोकारवालासंग छलफल तथा महत्वपूर्ण निर्णय गरीएको साथै मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८२ स्वीकृत गरी कार्यान्वयन गरिएको ।
- लागु औषध दुरुपयोग तथा अवैध ओसार पसार विरुद्धको अन्तराष्ट्रिय दिवसको सप्ताहव्यापी कार्यक्रम को (मिति २०८२।३।६ देखि २०८२।३।१२) सम्म स्वीकृत गरी विभिन्न कार्यक्रम गरी मनाइएको
- बजारमा कृत्रिम अभाव, जम्माखोरी, कालो बजारी हुन, गर्न नदिन र दैनिक उपभोग्य वस्तुको आपूर्ति, वितरण कार्यको लागि तानसेन नगरपालिका जिल्लाका अन्य स्थानीय तहमा रहेका बजारहरुमा व्यापार व्यवसायलाई मर्यादित र उपभोक्ताहरुलाई गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउने उद्देश्यले ३ पटक गरी विभिन्न ६५ पसलहरुको संयुक्त बजार अनुगमन गरि मापदण्ड विपरित कारोवार गर्ने पसलहरुको सामान जफत गरि नष्ट गरिएको, साथै रु २०,०००।— जरिवाना समेत गरिएको ।
- यस त्रैमासिक अवधिमा ६११९ जना नागरिकहरुको राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन गरिएको र ४६६ थान परिचय वितरण गरिएको ।

## ११. जिल्ला प्रशासन कार्यालय पाल्पाबाट सम्पादित कार्यहरुको विवरण

### चौथो त्रैमासिक प्रगति विवरण

| सि.न. | विषय | सम्पादन गरेको काम | बैशाख | जेष्ठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सेवा प्रवाह | नयाँ नागरिकता वितरण वंशज | १०७५ | १६४१ | ११५१ | ३८६७ |
| २ | | प्रतिलिपि नागरिकता | ५१७ | ५१३ | ४३५ | १४६५ |
| ३ | | गैर आवासिय नागरिकता | - | १ | २ | ३ |
| ४ | | वैवाहिक अंगीकृत नागरिकता | - | - | १ | १ |
| ५ | | विद्युतिय राहदानी दर्ता | ६०२ | ६४५ | ५३२ | १७७९ |
| ६ | | विद्युतिय राहदानी द्रुत सिफारिस | २५ | १२ | १० | ४७ |
| ७ | | राहदानी वितरण | ८०२ | ६७७ | ७८८ | २२६७ |
| ८ | | संस्था दर्ता | २ | २ | १ | ५ |
| ९ | | संस्थाको विधान संशोधन | २ | १ | १ | ४ |
| १० | | दर्ता मुद्दा | २ | ३ | ३ | ८ |
| ११ | | मुद्दा फैसला | २ | १ | ५ | ८ |
| १२ | | संस्था नविकरण | ६ | ७ | ७ | २० |
| १३ | | हातहतियार नविकरण | - | - | २४ | २४ |
| १४ | | नागरिकता रद्द | - | २ | १ | ३ |
| १५ | | उमेर ,नाम र जात सच्याउने | २ | १ | १ | ४ |
| १६ | | ठाडो उजुरी परेको संख्या | २ | २ | १ | ५ |
| १७ | | ठाडो उजुरी फछ्यौट संख्या | २ | २ | १ | ५ |
| १८ | | नाबालक परिचयपत्र | ४३ | १५ | १९ | ७७ |
| १९ | | नाबालक परिचयपत्र प्रतिलिपी | - | १ | १ | २ |
| २० | | व्यक्ति प्रमाणित लगायतका सिफारिस | ५०६ | ४७६ | ४८७ | १४६९ |
| २१ | | राष्ट्रिय परिचयपत्र विवरण संकलन | १८२६ | २२७० | २०१९ | ६११९ |
| २२ | | राष्ट्रिय परिचयपत्र वितरण | १४८ | १४७ | १७१ | ४६६ |
| २३ | | जिल्ला सुरक्षा समितिको बैठक | ३ | ४ | २ | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | | अन्तर जिल्ला सुरक्षा समितिको बैठक | - | १ | १ | २ |
| २५ | | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक | - | १ | - | १ |
| २६ | | कार्यालय प्रमुख बैठक | १ | १ | १ | ३ |
| २७ | | कार्यालय कर्मचारी बैठक | १ | १ | १ | ३ |
| २८ | | सूचना अधिकारीहरु संगको बैठक | | | १ | १ |
| २९ | | राजस्व चुहावट नियन्त्रण समितिको बैठक | - | - | १ | १ |
| ३० | | आयोजनाको अनुगमन, निरीक्षण र कार्ययोजना सहजिकरण | - | - | १ | १ |
| ३१ | | तानसेन नगरपालिकामा संचालित बैक तथा वित्तिय संस्थाहरुका शाखा प्रबन्धकहरुसंग बैकहरुको फण्ड ट्रान्सफर गर्दा संवेदनसिलतालाई ध्यानमा राखी कार्य गर्ने सम्बन्धि समन्वय बैठक बसेको | - | १ | - | १ |
| ३२ | | खानी उद्योगहरुलाई व्यवस्थित एवं प्रभावकारी रुपले सञ्चालन गर्न जिल्ला समन्वय प्रमुखको अध्यक्षतामा बैठक बसेको | - | १ | - | १ |
| ३३ | | सबै स्थानिय तहमा शान्ति सुरक्षा अपराध न्यूनिकरण सम्बन्धि सचेतना कार्यक्रम | १ | - | - | १ |
| ३४ | | तानसेन नगरपालिका बजार क्षेत्रमा रहेका अनावश्यक विद्युतका (काठ) पोलहरु हटाई बजार सौन्दर्यकरण गर्ने र नाङ्गो तारलाई विस्थापित गर्ने सम्बन्धि बैठक | - | - | १ | १ |
| ३५ | | जिल्ला प्रशासन कार्यालय, पाल्पाको सेवा प्रवाह सम्बन्धमा गरिएको सार्वजनिक सुनुवाई कार्यक्रम | - | १ | - | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३६ | | सुरक्षा निकाय प्रदेश र स्थानिय तहसंगको समन्वय सहकार्यमा लागु औषध नियन्त्रण सम्बन्धि कार्यक्रम | - | १ | - | १ |
| ३७ | | तानसेन नगरपालिकामा संचालित बैक तथा बित्तिय संस्थाहरुका शाखा प्रबन्धकहरु संगको बैठक | - | १ | - | १ |
| ३८ | | विपद व्यवस्थापन क्षेत्रमा क्रियाशिल सरकारी तथा गैर सरकारी निकायहरुसंगको समन्वय बैठक | - | १ | - | १ |
| ३९ | | मनसुन विपद/जोखिम न्यूनिकरण का लागि जिल्ला सुरक्षा समितिका पदाधिकारी, जिल्ला समन्वय अधिकारी, यातायात व्यवस्था सेवा कार्यालयका प्रमुख र ट्राफिक कार्यालयका प्रमुख र जिल्लामा सन्चालनमा रहेका यातायात व्यवसायीहरुसंग समन्वयात्मक बैठक | - | - | १ | १ |
| ४० | | रम्भा गा.पा. ३ रिमिघा लेकमा मूल्यवान यार्सागुम्वासंग मिल्दो जुल्दो प्रकृतिको जडिबुटी संकलन सम्बन्धमा सरोकारवाला निकायका पदाधिकारीहरुको समन्वयात्मक बैठक | - | २ | - | २ |
| ४१ | | राजमार्ग (सडक) मा हुने अवरोध हटाउने सम्बन्धि बैठक | - | १ | - | १ |
| ४२ | | विपद व्यवस्थापन क्षेत्रमा क्रियाशिल सरकारी तथा गैर सरकारी संस्थामा कार्यरत संस्थाहरुसंगको बैठक | - | १ | - | १ |
| ४३ | | जिल्लामा सञ्चालित खानी उद्योगहरुलाई व्यवस्थित एवं प्रभावकारी रुपले सञ्चालन गर्ने सम्बन्धि बैठक | - | १ | - | १ |
| ४४ | | कसुरजन्य सम्पत्तिको जिल्ला स्तरीय अनुगमन तथा मूल्याङकन समितिको बैठक | - | २ | - | २ |
| ४५ | | जग्गा प्राप्ति मुआब्जा वितरण लिज र उपयोग सम्बन्धि बैठक | ४ | २ | २ | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४६ | | लागु औषध दुरुपयोग तथा अवैध ओसार पसार विरुद्धको अन्तराष्ट्रिय दिवसमा होटल व्यवसायी संघ, पाल्पाका पदाधिकारी तथा सदस्यहरुसंग अन्तरक्रिया कार्यक्रम | - | - | १ | १ |
| ४७ | | सरकारी कार्यालय अनुगमन | - | - | ४ | ४ |
| ४८ | अनुगमन | सुरक्षा निकायको अनुगमन | | २ | १ | ३ |
| ४९ | | बजार अनुगमन | १ | २ | २ | ५ |
| ५० | | संघ/संस्थाको अनुगमन | २ | २ | २ | ६ |
| ५२ | | राजस्व संकलन | ४०२८१५२ | ४४२६२५० | ४०१७५९५ | १२४७१९९७ |
| ५३ | विपद् प्रकोप सम्बन्धी | विपद् प्रकोपवाट मृतकलाई राहत | - | - | १ | २०००००/- |
| ५४ | | कोभिड-१९ मृतकलाई राहत | - | - | १ | १०००००/- |
| ५५ | | सवारी दुर्घटनाबाट मृत्यु भएका परिवारलाई दिलाइएको किरिया खर्च रकम | - | ५००००/- | ५००००/- | १००००००/- |
| ५६ | | सवारी दुर्घटनाबाट मृत्यु भएका परिवारलाई दिलाइएको बीमा रकम | ४५००००/- | ४५००००/- | ९०००००/- | १८०००००/- |

## १२. विपद् व्यवस्थापन सम्बन्धी मुख्य कार्य

१. जिल्ला प्रशासन कार्यालय पाल्पावाट मिति २०८२ साल बैशाख महिनादेखि असार मसान्त सम्म विपद् राहत वितरण भएको संघ तर्फ खर्च १ जनाको मृतक परिवारलाई रु.२,००,०००/- ( दुई लाख मात्र), र प्रदेश तर्फवाट कोभिड मृतक १ जनाको रु. १,००,०००/- गरी कुल जम्मा रु. ३,००,०००/- (तिन लाख मात्र) वितरण गरिएको।

## १३. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः-

(क) कार्यालय प्रमुखः-

नाम : तोय नारायण सुवेदी

पद : प्रमुख जिल्ला अधिकारी

मोबाईल नं. ९८५७०५७७७७

(ख) गुनासो सुन्ने अधिकारी / सूचना अधिकारीः-

नाम : ऋषिराम सुवेदी

पद : सहायक प्रमुख जिल्ला अधिकारी

मोबाईल नं. ९८५७०६०३३३

## १४. ऐन नियम विनियम वा निर्देशिकाको सूचीः-

- स्थानीय प्रशासन ऐन, २०२८
- नागरिकता ऐन तथा नियमावली, २०६३
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४
- संस्था दर्ता ऐन तथा नियमावली, २०३४
- मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ र फौजदारी कसूर निर्धारण तथा कार्यान्वयन ऐन, २०७४
- हातहतियार तथा खरखजाना ऐन, २०१८
- राहदानी ऐन, २०७६
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- गृह प्रशासन सुधार कार्य योजना, २०७८
- नागरिकता वितरण कार्यविधि निर्देशिका
- मन्त्रालयबाट भएका परिपत्रहरु

१५. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण (आ.व. ०८१/०८२ को बैशाख, जेष्ठ, असार मसान्त सम्मको)

→ कुल राजस्व रु. ५४५५०९०६/९८

→ कुल खर्च रकम

चालु खर्च रु. २०१२७७५५/५१

पूंजीगत खर्च रु. १६६७२९५/-

१६. तोकिए बमोजिमका अन्य विवरण:

---

१७. अघिल्लो आर्थिक वर्षमा यस कार्यालयले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए

१८. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरणः-

→ वेभसाईटः- http://daopalpa.moha.gov.np

→ ईमेलः- daopalpa@gmail.com

→ Facebook :- https://www.facebook.com/dao.palpa.148

→ फोन नं. ०७५-५२०१२३, ०७५-५२०१२४, ०७५-५२०१२५, ९८५७०६०३३३

१९. यस कार्यालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण :- नभएको ।

२०. यस कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः-

२१. यस कार्यालयले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनहरु :

२२. यस कार्यालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः-

नभएको

२३. यस कार्यालयलको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः-

कार्यालयको WebSite (https://daopalpa.moha.gov.np) र Facebook(https://www.facebook.com/jilla.prasasana.karyalaya.palpa)मा प्रकाशन गर्ने गरिएको ।

## २४. नवप्रवर्द्धनात्मक क्रियाकलापहरु:-

१. मिति २०८१।१२।२२ देखि मिति २०८२।१।३ सम्म तानसेन नगरपालिका टुडिखेलमा संचालित दोस्रो तानसेन उद्योग, व्यापार तथा पर्यटन महोत्सवमा हावाहुरी र पानीका कारण स्टल उडाई पानीले भिजी व्यापरी/व्यवसायीको मालसामान क्षति भएको, मञ्चको Screen फुटेको आदि कारण महोत्सव संचालनमा कठीनाई भएकोमा बीमाका प्रतिनिधिहरुलाई बोलाई छानवीन एवं मूल्याङ्कनको उपसमिति गठन गरी पूर्ववत रुपमा महोत्सव संचालन हुने वातावरण निर्माण गर्न सहजिकरण गरेको ।

२. पाल्पा जिल्लामा आरती ग्यास र राजधानी ग्यासको नियमित आपूर्ति नभै खाना पकाउने ग्यासको अभाव रहेकोले सोको समाधान गर्न पाल्पा जिल्लामा रहेका ग्यास डिलर्स एशोसियसनका प्रतिनिधि र राजधानी तथा आरती ग्यास उद्योगका पदाधिकारीहरुसंग प्रमुख जिल्ला अधिकारीको कार्य कक्षमा मिति २०८२।१।१४ गते बैठक बसी छलफल गरी पाल्पा जिल्लामा नियमित रुपमा ग्यास पठाउने सम्झौता/समझदारी भएको, सो पश्चात पाल्पा जिल्लामा ग्यासको अभाव नरहेको।

३. पाल्पा जिल्लामा अमरनारायण गुठी, भगवती गुठी, लाल पाटी गुठी, ऋषिकेश गुठी लगायतका गुठी जग्गाको समस्या, गुठी जग्गालाई रैकर वनाउन कानूनी विषय, गुठी संस्थान आवद्ध मठ मन्दिरहरुको नित्य पूजाआजा संचालन र संरचना निर्माण एवं मन्दिर व्यवस्थापन समितिको गठन सम्बन्धी कार्यविधि र यसमा देखिएको विवाद समेतका सम्बन्धमा मिति २०८२।२।४ गते गुठी संस्थानका अध्यक्षलाई वोलाई समन्वय गरी सरोकारवालाको बैठक राखी समस्या समाधानका लागि पहल गरेको ।

४. नेपालको ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक महत्वको शालिग्राम पाइने नदी कालिगण्डकीको महत्व दर्शाउन र यसको प्रचार प्रसार एवं संरक्षण गर्न लुम्बिनी प्रदेश सरकारको आर्थिक तथा प्राविधिक सहयोग र तानसेन नगरपालिकाको संयोजनमा शालिग्राम महोत्सव, २०८२ रिडी, पाल्पामा मिति २०८२।१।२५ र २६ गते संचालन गर्न समन्वय गरी भूमिका निर्वाह गरी कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहजिकरण गरेको ।

५. मिति २०८२।२।२० गते जिल्ला विपद व्यवस्थापन समितिका पदाधिकारी, संघीय सांसदहरु, प्रदेश सभा सदस्यहरु, विषयगत कार्यालय प्रमुखरु, सवै स्थानीय तहहरुका प्रमुख अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतहरु र सम्बद्ध सरोकारवाला संघ संस्था समेतको ८० जनाभन्दा बढीको उपस्थितिमा जिल्ला विपद व्यवस्थापन समितिको बैठक बसी यस जिल्लाको मनसुनजन्य प्रकोप प्रतिकार्य योजना, २०८० स्वीकृत गरी तयार गर्ने, सवै सडकहरु मर्मत गरी चालू अवस्थामा राख्ने, सडकमा पहिरो गै बन्द हुने

भएमा तत्काल सुचारु गर्न हेभी इक्विपमेण्ट सहितका यन्त्र उपकरण र जनशक्ति तयारी अवस्थामा राख्ने समेतका महत्वपूर्ण निर्णय गरी वर्षातको समयमा धनजनको क्षति हुन नदिन र सडक अवरुद्ध हुन नदिन विशेष व्यवस्था मिलाइएको । साथै यस सम्बन्धमा जिल्ला सुरक्षा समितिको सुरक्षा समितिको बैठक, जिल्ला समन्वय प्रमुखकको अध्यक्षतामा सडक डिभिजन प्रमुख सहितको सरोकारवालाको बैठक, यातायात व्यवसायी, ट्राफिक प्रहरी सहित सरोकारवालाको बैठक राखी छलफल गरी सो बमोजिम निर्णय गरिएको र सो निर्णयका आधारमा वर्षातको पानी एवं पहिरोको जोखिमको सम्बन्धमा सडक बन्द गर्नुपर्ने हुंदा यस्ता अवस्थामा सडक यातायातका माध्यवाट सवारी नचलाउन र सुरक्षित यात्रा गर्न अनुरोध गरिएको सूचना सार्वजनिक गरी सो को कार्यान्वयन गर्न सम्बद्ध निकायलाई पत्राचार गरिएको ।

६. जिल्लामा काम गर्ने संघ सरकार, प्रदेश सरकार र स्थानीय तहहरुसंग समन्वय गरी छलफल गरी योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्न प्रयास गरिएको, योजना तथा कार्यक्रमको स्थलगत अवलोकन अनुगमन गरी समयमै आयोजना सम्पन्न गर्न निर्देशन दिइएको ।

७. पाल्पा जिल्लामा विद्युतको निरन्तर र नियमित आपूर्तिका लागि कोशे ढुंगा सावित हुने नेपाल विद्युत प्राधिकरण अन्तर्गतको आयोजना बमलिगण्डकी रिडी १३२ के.भी. प्रसारण लाइनको सवस्टेशन निर्माण, टावर र प्रशारण निर्माणका लागि नेपाल सरकारको आवश्यकतानुसार वजेट विनियोजन नभएका कारण आयोजनाको लक्ष्य बमोजिम प्रगति नभएको आयोजना रुग्ण रुपमा रहेकोमा जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा संघीय व्यवस्थापिका सांसद, प्रदेश सांसद, जिल्ला समन्वय समिति, स्थानीय तह प्रमुख, जिल्ला स्थित राजनैतिक दल प्रमुख, निद्युत कार्यालय, सम्बन्धित आयोजना कार्यालय सहितका प्रतिनिधि पदाधिरीको उपस्थितिमा छलफल गरी यस आयोजनालाई पहिलो प्राथमिकतामा राखी बजेट विनियोजन गरिदिन नेपाल सरकार अर्थ मन्त्रालय, उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सिफारिस गरिएकोमा उक्त सिफारिस समेतका आधारमा आ.ब.०८२/०८३ मा पर्याप्त वजेट विनियोजन गरिएको व्यहोरा सम्बन्धित आयोजनावाट जानकारी भएको ।

८. नेपाली खानेपानी संस्थान वुटवल खानेपानी आयोजनाका लागि Treatment Plant लगायतका संरचना प्राप्ती गर्न तिनाउ गाउँपालिका वडा नं ३ को उपयुक्त स्थानमा ३० रोपनी निजी जग्गा प्राप्त गर्ने नेपाल सरकारको निर्णय बमोजिम आयोजनाका लागि उपर्युक्त स्थानमा जग्गा उपलब्ध गराउन स्थानीय जग्गा धनीको व्यापक विरोध भएकोमा स्थानीयवासी र गाउँपालिकासंग ३ पटक बैठक बसी फिल्डमा गै समन्वय गरी जग्गा प्राप्तीमा सहजिकरण गरिएको र जग्गा प्राप्ती प्रकृया अगाडी बढाइएको ।

# जिल्ला प्रशासन कार्यालय, पाल्पा

Website: http://daopalpa.moha.gov.np
Email : daopalpa@gmail.com
Facebook page: https://www.facebook.com/dao.palpa.148
Facebook Id : जिल्ला प्रशासन कार्यालय, पाल्पा
Contact Number: 075-520125 / 520124
Email : daopalpa@gmail.com